# सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड

का.म.न.पा.वडा नं.-४, बालुवाटार, काठमाण्डौ
फोन नं. १-४४१३२१२
Email: email.synergy@gmail.com, Web: www.synergyhydro.com

## वार्षिक साधारण सभाको
## निर्णय (माइन्युट)

**पृष्ठभूमी:**

यस सिनर्जी पावर डेभलपमेन्ट लिमिटेडको १६औं (आ.व.२०७८/०७९) वार्षिक साधारण सभा मिति २०७९/०९/३० गते (तद्अनुसार १४ जनवरी, २०२३) शनिबार बिहान ९:०० बजे देखि विहान १०:३० बजेसम्म टाइम्स स्क्वायर लाउन्च, बालुवाटार, काठमाण्डौको बैठक हलमा सम्पन्न भएको थियो ।

सभामा उपस्थित कम्पनीका अध्यक्ष, सञ्चालक, गौरीशंकर गाउँपालिकाका उप-प्रमुख, गौरीशंकर गाउँपालिका वडा नं. ९ का वडाध्यक्ष, शेयरधनी तथा आगन्तुक पाहुनाहरुलाई स्वागत गरी सभा शुरु भएको थियो । सभामा सञ्चालक तथा उपस्थित पाहुनालाई आशन ग्रहण गराई नियामक निकायबाट आउनु भएका कर्मचारी, कम्पनीका कर्मचारी, विभिन्न मिडियाका पत्रकार तथा अन्य सम्पूर्ण उपस्थित महानुभावहरुलाई कम्पनी सचिव श्री ध्रुवराज शर्माले स्वागत गर्दै कम्पनिको १६औं वार्षिक साधारण सभाको औपचारिक कार्यक्रम सञ्चालन प्रारम्भ गर्नु भयो । साधारण सभाको सभापतित्व अध्यक्ष श्री इन्द्र बहादुर थापाले गर्नु भएको थियो । अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व.२०७८/०७९ को आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

### १. सभा सम्बन्धी सूचना र प्रकाशन:

वार्षिक साधारण सभाको सूचना तथा छलफल हुने प्रस्तावहरुको जानकारी मिति २०७९/०९/०९ गते र मिति २०७९/०९/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको थियो । सभा सम्बन्धी सूचना, वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धी कार्यक्रम कम्पनीको सूचनापाटी र कम्पनीको वेभ साइट www.synergyhydro.com र नेपाल स्टक एक्सचेन्ज लि.को वेबसाइटमा पनि राखिएको थियो ।

### २.उपस्थिति

**(क) सञ्चालक तथा पदाधिकारीहरु:**

| | | | |
|---|---|---|---|
| १. श्री इन्द्र बहादुर थापा | – | अध्यक्ष | |
| २. श्री सुरेन्द्र बहादुर खड्का | – | प्रबन्ध सञ्चालक | |
| ३. श्री अरुण सिंह बस्नेत | - | सञ्चालक | (अनुपस्थित) |
| ४. श्री प्रकाश कुमार अधिकारी | – | सञ्चालक | |
| ५. श्री गोपाल प्रसाद आचार्य | – | सञ्चालक | |
| ६. श्री निरु के.सी.कार्की | – | सञ्चालक | |
| ७. श्री ध्रुवराज शर्मा | – | कम्पनी सचिव | |

**(ख) कर्मचारीहरु:**

| | | |
|---|---|---|
| १. श्री सुजन चन्द्र पौडेल | – | लेखा तथा प्रशासन प्रमुख |
| २. श्री तारानाथ भट्टराई | – | प्रशासकीय अधिकृत |



SYNERGY POWER DEVELOPMENT LIMITED

३. श्री अम्बिका कुमारी पौडेल – लेखापाल

(ग) **विभिन्न निकायका प्रतिनिधिहरु:**

१. माननीय श्री हरिबहादुर बस्नेत – पूर्वन्यायाधीश, पुनरावेदन अदालत

२. श्री श्याम सुन्दर तमाङ्ग – गौरीशंकर गा.पा.उप-प्रमुख

३. श्री ङिमगेली शेर्पा – वडाध्यक्ष, वडा नं. ९ गौरीशंकर गा.पा. शेयरधनी

४. श्री रीता कट्टेल – बि.ओ.के. क्यापिटल (प्रतिनिधी)

५. श्री सुशिला रावल – बि.ओ.के. क्यापिटल (प्रतिनिधी)

(घ) **शेयरधनीहरु:**

१. स्वयं उपस्थितः ७३ जना

२. प्रोक्सीः ६६३ जना

## ३. सभाको गणपूरकसंख्या तथा शेयर संख्याको प्रतिनिधित्व

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रोक्सी | जम्मा | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी सख्या | ६९,१९८ | ७३ | ६६३ | ७३६ | १.०६ |
| कम्पनीको शेयर संख्या | ८०,६५,७०० | ७,५८,७८० | ३४,१०,३२५ | ४१,६९,१०५ | ५१.६९ |

## ४. सभाको बैधानिकता:

कम्पनी ऐन, २०६३ को दफा ७३ र कम्पनीको स्वीकृत नियमावली बमोजिम साधारण सभा सञ्चालन गर्नको लागि गणपूरक संख्या पुगेको हुँदा सभा सञ्चालन गर्ने अनुमति अध्यक्षज्यूबाट प्राप्त भयो । शेयरधनीहरुबाट पनि कम्पनीको वार्षिक साधारण सभा सञ्चालनको लागि गणपूरक संख्या पुगेको र सभा रीतपूर्वक बोलाइएको ठहर गरी विधिवत् रुपमा सभाको कारवाही अगाडि बढाउन अनुमति प्राप्त भयो ।

कम्पनीको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र वार्षिक आर्थिक विवरण उपस्थित सम्पूर्ण शेयरधनी समक्ष वितरण गरियो । साधारण सभामा निम्न लिखित विषयहरुमा विस्तृत छलफल गर्न प्रस्ताव गरिएको थियो ।

## ५. छलफलका लागि प्रस्तावित विषयहरु:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७८।०७९ को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. आ.व.२०७८।०७९ को लेखापरीक्षकको प्रतिवेदन र सोही आ.व.को वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित अनुसूचिहरु स्वीकृति गर्ने सम्बन्धमा ।

३. आ.व.२०७९।०८० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारीश्रमिक तोक्ने सम्बन्धमा

४. विविध ।

SYNERGY POWER DEVELOPMENT LIMITED

## ६.सभा सञ्चालन तथा प्रस्ताव उपर छलफलः

सञ्चालक समितिका अध्यक्ष श्री इन्द्र बहादुर थापाज्यूले स्वागत मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । साधारण सभामा प्रस्तुत प्रस्तावहरु उपर निम्न लिखित शेयरधनीहरुले आफ्ना भनाई मार्फत सुझाव दिनु भएको थियो ।

क. **डमरुबल्लभ घिमिरे, शेयरधनी :** कम्पनीले वार्षिक साधारण सभा आर्थिक वर्ष सकिएको ६ महिना भित्र गरी सक्नु पर्ने प्रावधान रहेकोमा केही अगाडी गर्न, वार्षिक प्रतिवेदन तयार गर्दा कम्पनी तथा आयोजना सम्बन्धी विस्तृत विवरणहरू उल्लेख गरी प्रकाशन गर्न र १५औं वार्षिक साधारणसभाबाट पारित भएको हकप्रद शेयर जतिसक्दो चाडै निष्काशन गर्नको लागि सुझाव दिनु भयो ।

ख.**श्री शिव प्रसाद पौडेल, शेयरधनी**: कम्पनीले साधारणसभा समयमै गर्नको लागि सुझाव दिनु भयो । कम्पनीले शेयरधनीहरुलाई जलविद्युत आयोजनासम्म पुऱ्याउन असम्भव भएकोले जलविद्युत आयोजनाको सम्बन्धी श्रव्यदृष्य प्रोजेक्टर मार्फत सभामा देखाउन पाएको भए कम्पनीले गरेका कामकारवाही बारे सबै शेयरधनीहरुलाई सूचित हुन सजिलो हुन्थ्यो । त्यसै गरी जलविद्युत आयोजनामा खाली स्थानहरु प्रशस्त हुने भएकोले उक्त स्थानहरुमा कृषि लगायत अन्य आयआर्जनका कार्यहरु गर्न सकेको खण्डमा कम्पनीको आम्दानीमा थप टेवा पुऱ्याउन सक्ने बारे सञ्चालक समितिलाई सुझाव दिनु भयो ।

ग. **श्री चन्द्र नारायण श्रेष्ठ, शेयरधनी**: गत बर्ष १० प्रतिशत लाभांश दिएको भए पनि यो वर्ष लाभांश दिन नसकेकोमा आगामी दिनमा त्यसो नहुने गरी कार्य गर्नको लागि सुझाव दिनु भयो । कम्पनीले जारी गर्ने भएको हकप्रद शेयर जति सक्दो छिटो जारी गर्नको लागि सुझाव दिनु भयो ।

घ. **श्री अमिर दास रञ्जित, शेयरधनी :** यस बर्ष प्रतिफल पाउन नसकेको भए पनि आगामी वर्ष धेरै प्रतिफल प्राप्त हुने विश्वास व्यक्त गर्नु भयो । कम्पनीमा खर्चहरु बढ्दै गएको देखिएकोले खर्चहरुमा नियन्त्रण गरी प्रतिफललाई घट्न नदिने गरी आवश्यक कार्यहरु गर्नु पर्ने । कम्पनीले समयमै हकप्रद शेयर निष्काशन गर्न सकेको भए उक्त निष्काशनबा प्राप्त हुने रकमबाट राम्रो आम्दानी गर्न सक्ने भएकोले हकप्रद शेयर छिट्टै जारी गर्नको लागि सुझाव दिनु भयो ।

ङ. **श्री शत्रुधन श्रेष्ठ, शेयरधनी :** कम्पनीको खर्चहरु बढ्दै गएको देखिएकोले खर्चलाई नियन्त्रण गर्न र आम्दानी बढाउन प्राथमिकता दिन सुझाव दिनु भयो । विद्युत प्राधिकरणले वर्षा यामको विजुली नकिन्ने र सुख्खा याममा खोलामा पानीको बहाव कम हुँदा आयोजनाहरूलाई मर्का परेको छ । यसरी सरकारी निकायबाट नै निजि क्षेत्रलाई मार पार्ने काम गर्न नहुने विचार व्यक्त गर्नुभयो । विद्युत उर्जा देश विकासको लागि मेरुदण्ड भएकोले हाइड्रोपावरहरुलाई विशेष प्रोत्साहन दिनु पर्ने सुझाव दिनु भयो ।

च. **श्री डिमेली शेर्पा, वडाध्यक्ष वडा नं. ९, गौरीशंकर गा.पा. :** कम्पनीको साधारणसभा सफलताको लागि शुभकामना दिनु भयो । यस कम्पनीलाई आयोजना प्रभावित क्षेत्रका व्यक्ति तथा स्थानीय सरकारको तर्फबाट सधै सहयोग भइरहेको र आगामी दिनमा पनि यसै गरी सहयोग रहने विश्वास दिलाउनु भयो । शेयरधनीहरुले कृषि उपज सहित अन्य आय आर्जनमा लाग्न दिनु भएको सुझावलाई स्वागत गर्दै त्यसको लागि स्थानीय सरकार सहकार्य गर्नको लागि सधैं तत्पर रहेको धारण राख्नु भयो । कम्पनीले स्थानीयलाई दिएको शेयरको बारेमा भएको प्रगति बारे पनि चासो राख्नु भएको थियो ।

SYNERGY POWER DEVELOPMENT LIMITED
सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड

छ. **श्री श्याम सुन्दर तामाङ, गौरीशंकर गा.पा.उप-प्रमुख:** आयोजना प्रभावित गा.पा.बाट शेयरधनीको संस्थागत प्रतिनिधी तथा स्थानीय निकाय प्रमुखको रुपमा उहाँले कम्पनीको उत्तरोत्तर प्रगतिको शुभ कामना दिनुका साथै अझै ज्यादा प्रतिफल दिने गरी कार्य गर्न सुझाव दिनु भयो । जलविद्युत आयोजनामा देखिएका समस्या समाधानका लागि स्थानीय सरकार सधै तत्पर रहेको हुँदा आयोजना तथा स्थानीय सरकारका वीचमा नियमित अन्तकिया हुनुपर्नेमा जोड दिनुभयो ।

उल्लेखित शेयरधनीहरूले दिएको उपरोक्त राय सुझावको बारेमा कम्पनीका अध्यक्ष श्री इन्द्र बहादुर थापाज्यूले शेयरधनी महानुभावहरूले राख्नु भएका जिज्ञासाहरूको जवाफ दिनुका साथै प्राप्त राय सुझावहरूलाई आगामी दिनमा लागु गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । शेयरधनी तथा स्थानीय सरोकारवाला जनप्रतिनिधीहरूसँग हातेमालो गर्दै आयोजना संचालन गर्ने जानकारी दिनु भयो । कम्पनीले १५औं वार्षिक साधारणसभाबाट पारीत भएको हकप्रद शेयर प्राविधिक कारणले गर्दा रोकिएको र हाल हकप्रद शेयर निष्काशन पूर्व स्वीकृतिका लागि विद्युत नियमन आयोगमा पेश गरिएको हुँदा छिट्टै स्वीकृत प्राप्त भएर निष्काशनको प्रकृया अगाडि बढ्ने विश्वास दिलाउनु भयो ।

७. **सभाबाट पारित निर्णयहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आ.व.२०७८/०७९ को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मतीबाट पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वार्षिक वित्तीय विवरण (वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित अनुसूचीहरु) स्वीकृत गर्न सभामा पेश भएको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०७८/०७९ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक Bhatta & Company, Chartered Accountants का सिए यज्ञराज भट्टज्यूलाई नियुक्त गर्ने र निजलाई पारीश्रमिक २ लाख २६ हजार दिने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

विविध विषयमा कम्पनीको १५औं वार्षिक साधारणसभाबाट १ जना महिला सहित ६ जना सञ्चालक निर्वाचन गर्नु पर्नेमा महिला सञ्चालकको लागि उम्मेदवारी नपरेको ५ जना सञ्चालक निर्विरोध निर्वाचित भएका थिए । उक्त रिक्त सञ्चालक पदमा यस कम्पनीका शेयरधनी श्री निरु के.सी.कार्कीलाई २०७८/०५/१८ को १०७ औं बैठकबाट बाँकी अवधीका लागि सञ्चालकमा नियुक्ती गरिएको थियो । उक्त नियुक्तिलाई यस साधारणसभामा अनुमोदनका लागि प्रस्तुत गरिएकोमा यस सभाबाट सर्वसम्मतीले पारित गरेको छ । यस बाहेक अन्य विषय बस्तु नभएको हुँदा अध्यक्षज्यूले सञ्चालकज्यूहरू, अतिथीहरू, शेयरधनी महानुभावहरू, नियामक निकायका प्रतिनिधीज्यूहरू, पत्रकारहरू र सुरक्षा कर्मी लगायत कम्पनीका सम्पूर्ण सहभागी कर्मचारीहरूलाई धन्यवाद दिएर सभा विसर्जन भएको जानकारी गराउनु भयो ।

| | | |
|---|---|---|
| ........................................ | SYNERGY POWER DEVELOPMENT LIMITED<br>सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | ........................................ |
| श्री ध्रुव राज शर्मा | | श्री इन्द्र बहादुर थापा |
| कम्पनी सचिव | | अध्यक्ष |